# वार्षिक प्रतिवेदन




## ऐरावती गाउँपालिका

प्रदेश नं. ५ बरौंला, प्यूठान

कृषि, पर्यटन, रोजगारीको बढाउँदै गति, शान्त, सुन्दर, समुन्नत बनाऔं ऐरावती

# १ पृष्ठभुमि

नेपालको संविधान २०७२ ले घोषणा गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल कार्यान्वयनको महत्वपुर्ण खुड्किलोको रुपमा नेपाल सरकारले २०७३ फागुन २७ गते नेपाल राजपत्रमा सुचना प्रकाशित गरि संघीय संरचना अनुसारका ७५३ स्थानीय तह रहेको छ । सोही अनुसार ५ नं प्रदेश अन्तर्गत पर्ने प्युठान जिल्लाका ९ स्थानीय तह मध्येको एक गाउँपालिका हो ऐरावती गाउँपालिका। यस गाउँपालिकाको नाम माडि नदि र झिम्रुक नदीको संगम स्थलमा रहेको धार्मिक क्षेत्र ऐरावतीको नामबाट राखिएको हो। प्युठान जिल्लाको सदरमुकाम देखि पुर्व दक्षिण दिशामा पर्ने यो गाउँपालिकाको केन्द्र सम्म आइपुग्न करिव ३९ किलोमिटरको सडक यात्रा गर्नुपर्छ। साविकका ६ वटा गाउँ विकास समितिहरु बरौंला, पकला, दाङबाङ, धुवाङ, रस्पुरकोट तथा बिजुली लाई समेटेर बनाइएको यो गाउँपालिकामा ६ वार्डहरु रहेका छन। साविक धुवाङ गा वि स का वडा नं ७ र ८ तथा रस्पुरकोट गा वि सका ६,७,८ र ९ नं वडाहरु भने क्रमशः सरुमारानी र मल्लरानी गाउँपालिकामा समाहित भएका छन। १५६.७५ वर्ग किमि क्षेत्रफल ओगटेको यस गाउँपालिकाको २०६८ को जनगणना अनुसार कुल जनसंख्या २२३९२ रहेको छ।पुर्वमा अर्घाखाँची जिल्ला पश्चिममा सरुमारानी र माण्डवी गाउँपालिका उत्तरमा मल्लरानी र माण्डवी गाउँपालिका र दक्षिणमा सरुमारानी र अर्घाखाँची पर्ने यो गाउँपालिकाको केन्द्र ऐरावती-२ ददेरीपाटामा रहेको छ।

यहाँ क्षेत्री, ब्राह्मण, गन्धर्भ, ठकुरी, वादी, मगर, गुरुङ, राउत, कुमाल लगाएतका जातजातीहरुको बसोबास रहेको छ। झिम्रुक र माडि नदिको जलाधार क्षेत्रको रुपमा रहेको यो गाउँपालिकामा ऐरावती, बिजुलीकोट, बरौंलाकोट, जाबुनेदह, आलमदेवी मन्दिर, पालुकाथान, काफलबुटा, लिपिकोट आदि मुख्य धार्मिक स्थलहरु रहेका छन। घाटुनाच, मारुनी नाच, सोरठी नाच, सराय नाच जस्ता नाचहरू यहाँका प्रचलित नाचहरु हुन। बिजुलीकोट, बरौंलाकोट, लिपिकोट, दाङबाङको द्वादशी र जाबुनेमा बडा दशैको अवसरमा मेला लाग्ने गर्दछ भने द्वारेघाटको तिहारे षष्टी मेला तथा ऐरावतीको माघे सक्रान्तीको मेला यहाँका चर्चित मेलाहरु हुन। धार्मिक तथा प्राकृतिक सुन्दरतामा सजिएको यो गाउँपालिका धेरै सम्भावना बोकेर अवसरको पर्खाइमा रहेको छ।

२०६८ को जनगणनाअनुसार यस गाउँपालिकाको जनसंख्या २२,३९२ रहेको छ जसमध्ये महिलाको जनसंख्या १२,७२७ (५६.८४ प्रतिशत) र पुरुषको जनसंख्या ९,६६५ (४३.१६ प्रतिशत) रहेको छ । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार सबैभन्दा बढी मगर जाति ७,८८३ जना (३५.२० प्रतिशत), दोस्रोमा क्षेत्री ४,७५४ (२१.२३ प्रतिशत) र तेस्रोमा ब्राम्हण पहाडी २,१५५(९.६२ प्रतिशत) को बसोबास रहेको छ । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रूपमा वैदेशिक रोजगारी

पनि एक हो । परम्परागत प्रणालीको कृषि ब्यवसायको वैज्ञानिक विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा समेत रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस गाउँपालिका आधारभूत देखि माध्यमिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था मात्रामा रहेका छन् भने उच्च शिक्षा विकासको लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । अध्ययनका लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट समेत आउने गरेका छन् । यस ऐरावती गाउँपालिकामा ६ वटा मा.वि, ५ वटा नि.मा.वि र ३३ वटा प्रा.वि (सामुदायिक र संस्थागत) गरी जम्मा ४४ वटा शिक्षण संस्थाहरू संचालित छन् । अधिकांश घरमा विद्युतीकरण भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । विगतमा स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, साउने र माघे सक्रान्ति, होली, महाशिवरात्री, चैते दशै, कृष्णजन्माष्टमी, ल्होसार, बुद्धजयन्ती आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ ।

## विषयगत क्षेत्रको उपलब्धिहरु

### शिक्षा तर्फ

ऐरावती गाँउपालिका शिक्षा शाखा अन्तरगत सैचालित ४१ वटा सामूदायिक विद्यालय र ४ वटा संस्थागत गरि जम्मा ४५ वटा विद्यालयहरु र मोती मा०वि० स्रोतकेन्द्र बरौंला र धर्मोदय मा०वि०जाबुने स्रोतकेन्द्र गरि २ वटा स्रोतकेन्द्र रहेका छन् ।

- गाउँपालिकाको शतप्रतिसत अनुदानमा कम्प्युटर नभएका ३४ वटा विद्यालयहरु लाइ १/१ सेट कम्प्यूटर ,प्रिन्टर वितरण ।
- कम्प्यूटर वितरण गरिएका विद्यालय तथा तालिम केन्द्रका कम्प्यूटर शिक्षकको लागि ५ दिने कम्प्यूटर आधारभूत तालिम संचालन ।
- मूख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तरगत रु १०,००००/बराबर ४ वटा विद्यालयमा बाल उद्यान स्थापना गरिएको।
- पालिकाको वित्तिय समानिकरण अनुदान बाट २ विद्यालयमा रु १७५०००/बराबरको बालउध्यान स्थापना।
- विद्यूत जडान नभएका विद्यालयमा विद्यूत जडान गरएको।
- बाल विकास केन्द्र नभएका १४ विद्यालयमा केन्द्रको स्थापना गरि बालविकास शिक्षक ब्यबस्थापन गरिएको

- रु ६५००००/प्रति विद्यालय विज्ञान प्रयोगशाला स्थापना,पुस्तकालय स्थापना तथा ICT conectivityका ब्यवस्था गरिएको ।
- अंग्रेजी, विज्ञान र गणित विषयको सिकाइ उपलब्धि सुधारका लागि अनुदान वितरण ।
- विद्यालयमा फिल्टर र सेनेटरी प्याडको ब्यवस्था गरिएको ।
- सरसफाइ,अतिरिक्त कृयाकलाप,नियमितता तथा टिकाउदर कायम राख्ने र उत्कृष्ट सिकाइ उपलब्धि कायम राख्न विभिन्न कार्यक्रमहरु गरिएको ।

## स्वास्थ्य तर्फ

- संस्थामा सुत्केरी हुनेको लागि प्रोत्साहन तथा अन्तरकृया कार्यक्रम गरिएको ।
- ८० वर्ष माथिका जेष्ठ नागरिकलाइ निशुल्क घरदैलोमा उपचार सेवा प्रदान गरिएको ।
- १० वटा बाह्य खोप केन्द्र तथा ४ वटा सामुदायिक स्वास्थ्य इकाइ विस्तार गरि कर्मचारी तथा कार्यालय ब्यवस्थापन गरि सञ्चालनमा ल्याएको ।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूका लागि जनशक्तिको आवश्यकता निर्धारण तथा ब्यवस्थापन गरेको ।
- गाउँपालिका भित्रका विभिन्न स्वास्थ्य संस्थाहरूमा औषधी, उपकरण र अन्य सामग्री आपूर्ति गरेको ।
- गाउँपालिकामा स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीता कार्यान्वयन सुनिश्चित गर्नको लागि पहल गरेको ।
- गाउँपालिका भित्र प्राकृतिक प्रकोप र महामारी उत्पन्न हुने समस्या तत्काल समाधान र व्यवस्थापन गरेको ।
- गाउँपालिका भित्र स्वास्थ्य सेवा प्रभावकारी बनाउनका लागि अन्य संस्थाहरुसंग साझेदार र समन्वय गरेको ।
- गाउँपालिका भित्र स्वास्थ्य सेवा संचालनका लागि समस्याहरुको पहिचान गर्ने र समाधानका उपायहरु खोजी गर्ने गरेको ।
- गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थामा सुपरिवेक्षण / निगरानी गर्ने गरेको ।
- एरावती गाउँपालिका वडा न २ को बरौला स्वास्थ्य सस्थामा चिकित्सकिय सेवा शुचारु गरेको ।
- एच.आई.भि.र एड्स संक्रमित बिरामीको लागि प्रोत्साहन प्याकेज बितरण ।
- अपांगता भएका ग र घ बर्गका लागि पालिका स्तरवाटै प्रोत्साहन रकम बितरण ।
- पालिका अर्न्तगतका सवै स्वास्थ्य संस्थाहरुवाट मासिक २ दिनका दरले चिकित्सकिय सेवा प्रदान गरिएको ।

- बरौला र धुवाङः स्वास्थ्य चौकीमा usg सेवा तथा ecg सेवाको बिस्तार गरिएको ।
- ऐरावती गाउँपालिकामा कोभिड १९ को परिक्षण ४२५ जनामा गरियो भने १९५ जनामा कोभिड पोजेटिभ भेटिएको थियो ।
- कोभिड अस्पतालमा भर्ना गरी उपचार गरिएको बिरामी संख्या २६ मध्ये २१ जना निको भएको र ५ जनालाई रेफर गरिएको ।
- कोभिड १९ को भ्याक्सिन लगाउनेको संख्या कोभिसिल्ड १२१० जना भेरोसिल १५७८ जना र जोन्सन एण्ड जोन्सन १०५५ जना गरी जम्मा ३८४३ जना रहेको छ ।

**<u>पशु विकास शाखा</u>**

- ऐरावती गाउँपालिका पशु सेवा शाखा कार्यालयको लागि औषधी खरिद गरी बितरण ।
- पशु पालक कृषकका लागि मिनरल ब्लक खरिद गरी बितरण ।
- बहु बर्षिय डाले तथा भुई घाँसको बीउ बेर्ना खरिद गरी बितरण ।
- भ्याक्सिनेटर नियुक्ती गरी परिचालन ।

**<u>कृषि विकास शाखा</u>**

- आकस्मीक बाली संरक्षण (बिषादी खरिद) गरी बितरण गरिएको ।
- तरकारी सिडकिट खरिद गरी बितरण गरीएको ।
- खाद्यन्न धानको बीउ खरिद तथा बितरण ।
- बर्षे फलफुल (आँप, लिची, सुन्तला, कागती र मौषमी) को बिरुवा खरिद तथा बितरण ।
- कृषि विकास शाखाको कार्यक्रमलाई प्रभाबकारी कार्यान्वयनका लागि कृषि/पशुपन्छी अधिकृत जनशक्ति करारमा भर्ना गरी सेवा प्रवाह गरिएको ।
- कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्री अनुदान दिएको ।

- साना कृषि औजार तथा यन्त्र उपकरण किसानको लागत सहभागितामा अनुदान वितरण गरिएको ।
- एक स्थानिय तह एक उत्पादन कार्यक्रम सञ्चालन गरिएको ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

- बेरोजगार व्यक्तिहरुको ७४६ जनाको विवरण अध्यवधिक गरियो ।
- २०९ जान बेरोजगार व्यक्तिहरुलाई औसात ७८।६७ दिन रोजगारी उपलब्ध गराईयो ।
- २९ वटा आयोजनाहरुमा आ.ब.२०७७।७८मा सम्पन्न गरियो ।
- आ.ब. ०७८।०७९योजानहरुको छनौट गर्ने कार्य गरियो ।
- आ.ब. ०७८।०७९ को बेरोजगार ७३३ व्यक्तिहरुको सुचि नविकरण गरियो ।

## पंञ्जिकरण शाखा

- घटना दर्ता कितावहरु कम्प्यूटर प्रणालीमा प्रविष्ट गरिएको ।
- वडाहरुका विभिन्न स्थानहरुमा घटना दर्ता तथा सा.सु दर्ता शिविर सञ्चालन गरिएको ।
- प्रत्येक वडाका सचिव तथा अध्यक्षहरुलाई घटना दर्ता किताव Digitization सम्बन्धित अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको ।
- विभागवाट उपलब्ध गराएको बजेटवाट वडाहरुलाई कम्प्युटर र प्रिन्टर सामानहरु खरिद गरि उपलब्ध गराएको ।
- आ.व.२०७७/०७८ मा यस ऐरावती गाउँपालिकामा ६,५६१ जनालाई तीन चौमासिकमा जम्मा रु ५ करोड ६३ लाख ४७ हजार ९ सय ३९ रुपैया बैकं मार्फत वितरण गरिएको ।

## पोषण कार्यक्रम तर्फ

- विपन्न समुदायका २५० जना सुनौला हजार दिनका आमाहरुलाई सरसफाईका सामाग्री वितरण ।
- विपन्न समुदायका २५० जना सुनौला हजार दिनका आमाहरुलाई पोषण सम्बन्धि सामाग्री वितरण ।
- विपन्न समुदायका २५० जना सुनौला हजार दिनका आमाहरुलाई पोषण झोला वितरण ।

## गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम

- ९० जना लघु उद्यमीहरु लाई तालिम प्रदान गरी उद्यमी बनाउन सहजिकरण गरिएको ।

## पूर्वाधार विकास शाखाको

- आर्थिक वर्ष २०७७।०७८ जम्मा स्वीकृत भएका पुर्वाधार विकास क्रियाकलापहरु : २१७
- ठेक्का भएका योजना संख्या : ११, क्रमागत : ४ ओटा
- उपभोक्ता समिति मार्फत संचालित योजना : १९७
- सम्झौता हुन नसकेको योजना : ९ ओटा
- एक घर एक धारा पहुँच बिस्तार भएका थप घरधुरी : करिव २६५
- गापा क्षेत्र भित्रको मुख्य सडक संजाल : ७५ किमी ( मर्मत सम्भार भएको )
- नयाँ track खुलेको सडक : १२.५ किमी
- विद्यालय भवन निर्माण : ५
- सिंचाई कुलो निर्माण/विस्तार : २१ ओटा
- गोठिबांग-उदिक सडक खण्ड जोडिएको
- चुकाहा- जुडा सडक जोडिएको
- ओखारी- थारदमार खण्ड जोडिएको
- रानीवास-उवाबास खण्ड जोडिएको
- दांगबांग लिफ्ट र बृहत बरौला खानेपानी बहुबर्षिय ठेक्का.

- १५ शैया अस्पतालको डी.पी.आर. तयार
- बरौला-देउराली-अमिली सडक स्तरोन्नति डी.पी.आर. तयार
- मोतिमावि विद्यालय भवन निर्माण
- ऐरावती खेलकुद मैदान
- ऐरावती पिकनिक पार्क
- महेन्द्र मा.वि. चार कोठे भवन निर्माण
- भुवनेश्वरी आ.वि.चार कोठे भवन निर्माण
- सिन्दुरे डाँडा उदिक जोगिटारि मो.बा. निर्माण
- खवाङ्ग लिफ्ट खानेपानी आयोजना
- कमिरे भ्यूटावर पर्यटन पूर्वाधार निर्माण
- गाउँपालिकाको प्रशासकिय भवन निर्माण अन्तिम चरणमा, ४ वटा वडा भवन निर्माण सम्पन्न भएको र १ वटा निर्माणको क्रममा रहेको
- जनकल्याण मा. वि रानीबासमा भवन निर्माण
- धर्मोदय मा.वि जाबुने छात्रावास निर्माण ।
- कैरन वाल उद्यान निर्माण
- खरको छानो विस्थापन कार्यक्रम
- हरियाखोला जाबुने सडक मर्मत

आर्थिक वर्ष २०७८।०७९ को आय विवरण

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | संघीय सरकार | ४१०७८५,०००।० |
| १ (क) | वित्तीय समानीकरण अनुदान | ९,६६,००,०००।० |
| १ (ख) | राजश्व बाँडफाँड | ७,७७,८५,०००।० |
| १ (ग) | सशर्त अनुदान | २०,८२,००,०००।० |
| १ (घ) | विशेष अनुदान | २,०८,००,०००।० |
| १ (ङ) | समपुरक अनुदान | ७४,००,०००।० |
| २ | प्रदेश सरकार | ३,९५,५७,२९८।० |
| २ (क) | वित्तीय समानीकरण अनुदान | ४५,११,०००।० |
| २ (ख) | राजश्व बाँडफाँड | ५५,०२,२९८।० |
| २ (ग) | सशर्त अनुदान | ८५,४४,०००।० |
| २ (घ) | विशेष अनुदान | ६०,००,०००।० |

| | | |
|---|---|---|
| ३ (ङ) | समपुरक अनुदान | १,५०,००,०००।० |
| ४ (च) | आन्तरिक आम्दानी | ६०,००,०००।० |
| ४ (छ) | अल्या जिम्मेवारी सर्ने | ५,८६,४०,०००।० |
| | जम्मा : | ५१,४९,८२,२९८।० |

## आर्थिक वर्ष २०७८।०७९ को विषयगत क्षेत्र तर्फको व्यय विवरण

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,१३,८७,२९८।० |
| २ | आर्थिक विकास | १,५०,७०,०००।० |
| ३ | सामाजिक विकास | ३,७५,७१,०००।० |
| ४ | पूर्वाधार विकास | ९,०८,२०,०००।० |
| ५ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | १,४१,९०,०००।० |
| | जम्मा : | २४,९०,३८,२९८।० |
| ६ | संघीय सशर्त अनुदान तर्फका कार्यक्रम | २०,८२,००,०००।० |
| ७ | संघीय विशेष अनुदान तर्फका कार्यक्रम | २,०८,००,०००।० |
| ८ | संघीय समपुरक अनुदान तर्फका कार्यक्रम | ७४,००,०००।० |
| ९ | प्रदेश सशर्त अनुदान तर्फका कार्यक्रम | ८५४४०००।० |
| १० | प्रदेश विशेष अनुदान तर्फका कार्यक्रम | ६०,००,०००।० |
| ११ | प्रदेश समपुरक अनुदान तर्फका कार्यक्रम | १,५०,००,०००।० |
| | जम्मा : | २६,५९,४४,०००।० |
| | कूल जम्मा वार्षिक बजेट : | ५१,४९,८२,२९८।० |

धन्यावाद ।